मिति- २०७६।१।११ गते

**Province Crisis Management Centre का निर्णयहरु:**

१. अन्य प्रदेशबाट यस प्रदेशमा लकडाउन अवधिमा प्रवेश गर्ने व्यक्तिहरुलाई निम्नानुसारको व्यवस्थापन गर्ने।

क) अन्यत्रबाट समूह बनाई सवारी साधनको समेत व्यवस्था गरी आएका व्यक्तिहरुलाई सोझै गन्तव्यस्थल (जिल्ला वा पालिका) पुग्न दिने ।

ख) बाहिरबाट आएका तर सामूहिक रुपमा प्रस्थानको प्रवन्ध नभएका आफै सवारी भाडा तिरेर जान सक्ने अवस्थामा रहेका व्यक्तिहरुलाई सवारी साधन व्यवस्था गरी जिल्ला वा पालिकाको गन्तव्यसम्म समूह बनाइ पठाउने व्यवस्था गर्ने ।

ग) अन्य प्रदेश वा जिल्लाले ल्याएर छोडेका तर आफ्नो खर्चमा गन्तव्यमा पुग्ने अवस्थामा नरहेका व्यक्तिहरुलाई उचित खर्च व्यवस्थापन (सवारी भाडा) गरी गन्तव्य पठाउने व्यवस्था गर्ने ।

घ) बबई लगाएतका नाकाहरुमा प्रवेश गर्ने व्यक्तिहरुको प्रारम्भिक स्वास्थ्य परिक्षणको व्यवस्था र बबबईबाट जिल्ला र पालिकाको गन्तव्यसम्म जाने सवारी साधनलाई सरसफाई तथा स्वास्थ्य सुरक्षाको प्रवन्ध मिलाउने ।

ङ) जिल्ला र पालिकामा बाहिरबाट पुग्ने व्यक्तिहरुलाई Quarantine वा Home quarantine वा Self-Isolation मा रहने गरी सुरक्षा प्रत्याभूतिका लागि जिल्ला र पालिकाले सुरक्षा प्रत्याभूति गर्ने।

२. कृषिजन्य उत्पादनको आन्तरिक बजारीकरण, ओसार पसार र बाहिरबाट ल्याउनुपर्ने उत्पादन समेतको विषयमा स्पष्ट/ठोस योजना निर्माण गरी सुरक्षा निकायसँगको समन्वयमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले आवश्यक प्रबन्ध गर्ने। जिल्लाको हकमा आवश्यक प्रबन्ध जिल्ला प्रशासन कार्यालयले मिलाउने।

३. मौसमी खेतिका लागि आवश्यक पर्ने बीउ, मल, औषधी, माछाको भुरा, चल्ला तथा अन्य आवश्यक औजारको व्यवस्थापनका लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले सुरक्षा निकायसँग समन्वय गरी आवश्यक प्रवन्ध गर्ने । जिल्लाको तहमा आवश्यक समन्वय र प्रबन्ध जिल्ला प्रशासन कार्यालयले गर्ने।

४. उपभोक्ताहरुलाई सुरक्षित रुपमा बजार/पसलबाट उपभोग्य सामग्री खरिदका लागि सविधायुक्त समयको प्रबन्ध जिल्ला प्रशासन कार्यालयले मिलाउने ।

५. प्रदेश भित्रका सबै कार्यालयहरुलाई संचालन गर्ने गराउने र यसका लागि कर्मचारीलाई आवश्यक सुरक्षा प्रबन्ध मिलाई कार्यालयमा उपस्थित गराउने ।

६. सुरक्षा प्रत्याभूति गरी नियमित रुपमा संचालन गर्न सकिने विकास आयोजनाको लागि आवश्यक पर्ने मेशिन, औजार, उपकरण तथा श्रमिकको व्यवस्थापनका लागि आवश्यक समन्वय र सहजीकरण प्रदेश र जिल्ला तहबाट समेत गरी विकास आयोजनालाई सुचारु गर्ने गराउने ।

७. COVID-19 बाट उत्पन्न Lockdown लगाएतका असामान्य परिस्थितिका कारण मौसमी खेतीपातीका लागि साथै मानिसहरु गाउँघरमा उपस्थित हुन सक्ने अवस्थाको प्रतिकुलताको कारण केही खेतबारी बाँझै रहन सक्ने सम्भावनालाई दृष्टिगत गरी त्यस्ता घरपरिवारका खेतबारीको खेती स्याहार्ने, बीउ छर्ने तथा लगाउने र खेतिबाली लगाउने कार्यका लागि आवश्यक समन्वय र व्यवस्थापन गर्न स्थानीय तहलाई अनुरोध गर्ने ।

प्रमुख सचिव

महेन्द्र बहादुर शाही
मुख्यमन्त्री